## राजपुर गाउँपालिका र मानव कल्याण तथा वातावरण संरक्षण केन्द्र (सिड्स कार्यक्रम) को लागत साझेदारीमा संचालन हुने छात्रबृति कार्यक्रम को आवेदन दिने सम्बन्धी छात्रबृति व्यवस्थापन समितिको सुचना

***प्रकाशन मिति: २०७९/०४/२० गते***

यस राजपुर गाउँपालिका र मानव कल्याण तथा वातावरण संरक्षण केन्द्र संचालित (सिड्स/ALUMNI कार्यक्रम)को लागत साझेदारीमा यसै गाउँपालिका का गरिब र सिमान्तकृत तथा जेहन्दार बिद्यार्थीहरुलाई छात्रबृत्ति (प्राविधिक र अप्राविधिक धारमा) प्रदान गरिने भएकोले तोकिएको आधार र मापदण्ड पुरा गरेका किशोर किशोरीहरुलाई ३० दिन (एक महिना) भित्र यस राजपुर गाउँपालिका को लिंकबाट फारम भरी दरखास्त पेश गर्नुहुन जानकारी सहितको यो सुचना प्रकाशन गरिएको छ ।

**प्राविधिक तर्फ छात्रबृत्ति प्रदान गरिने बिषयहरु**

- स्टाफ नर्स
- जेटिए (पशुपंक्षी र कृषि बिकास)
- स्वास्थ्य सहायक
- डाक्टर (MBBS)
- ल्याब प्राबिधिक
- भूमि प्राबिधिक ( अमिन)
- सब इन्जिनीयर
- आदि

**अप्राविधिक तर्फ छात्रबृत्ति प्रदान गरिने बिषयहरुः**

अप्राबिधिक विषय अध्ययन गर्ने विद्यार्थीहरूलाई बार्षिक रुपमा सामान्य वा (सामान्य) न्युनतम छात्रवृत्ति प्रदान गरिनेछ ।यस प्रकारको छात्रवृत्ति तीन तहको शिक्षाका लागि प्रदान गरिने छ । जसमा माध्यमिक तह कक्षा ९–१० र कक्षा ११–१२, स्नातक तह र स्नातकोत्तर तह रहेका छन् ।

**छनौटका आधार र मापदण्ड**

**१. आधारहरू**

- बिशेषत: यस प्रकारको छात्रवृत्ति प्राप्त गर्न आबेदन दिने आवेदक ग्रेजुएट फोरम वा किशोरकिशोरी नेटवर्क मध्य एउटाको सदस्य भएको हुनुपर्नेछ ।सिड्स कार्यक्रम लागु भएको वडा,४,५,६ र ७ मा मात्र यो नियम लागु हुने छ र अन्य वडाको हकमा यो लागु हुने छैन
- आवेदकले छात्रवृत्ति प्राप्त गर्नका लागि प्राविधिक शिक्षाको तोकिएको प्रवेश परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ ।

२ मापदण्डहरु

- **शैक्षिक योग्यता**ःयो मापदण्डका लागि शैक्षिक ग्रेड प्रमुख आधार हुनेछ यस अन्तर्गत आबेदकले ४० प्रतिशत अंक प्राप्त गर्ने छन् । यसको निर्धारण गर्न शैक्षिक प्रमाण-पत्रलाई आधार मान्न सकिने छ ।
- **सामाजिक पक्ष**:यो मापदण्डले सामाजिक बिविधताका पक्षलाईतीन क्षेत्रमा विभाजन गरिएको छ-

  क (गरीब तथा सिमान्कृत बर्ग

  ख अपाङ्गता (

  ग (लैङगिक समाजिक समाबेशीकरण ।

  ❖ यस मापदण्ड अन्तर्गतका लागि ३० प्रतिशत अंक छुट्याइएको छ ।
- **आर्थिक पक्ष** :

  यो मापदण्डलाई तीन क्षेत्रमा विभाजन गरिएको छ

  क) आय स्रोत

  ख) सम्पत्ति (जग्गा र सम्पत्ति)

  ग रोजगार स्थिति (

  ❖ यस मापदण्ड अन्तर्गतका लागि ३० प्रतिशत अंक छुट्याइएको छ ।

**सफल आवेदक ले अन्तर्वार्ता लागि आवस्यक पर्ने कागजपत्रहरु:**

- नागरिकता प्रमाणपत्र हालै खिचेको राहदानी साइजको फोटो
- आवश्यक शैक्षिक प्रमाणपत्र (SEE, 10+2, शैक्षिक प्रमाणपत्रहरू, पत्र/ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्र आदि।
- सिड्स कार्यक्रमको कार्यक्षेत्र भित्र रहेमा सञ्जालको सम्बन्धित किशोर किशोरीहरूको नेटवर्कबाट सिफारीस पत्र।
- समबन्धित बिधालय वा क्याम्पस को सिफारीस ।

**धनपती देबी यादब**

संयोजक

**छात्रबृत्ति व्यवस्थापन समिति**